# जोशीपुर गाउँपालिकाको आर्थिक ऐन, २०७५ (मस्यौदा)

**प्रस्तावनाः जोशीपुर गाउँपालिकाको** आर्थिक वर्ष **२०७५/७६** को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा **२२८** को उपधारा (२) बमोजिम जोशीपुर गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "**जोशीपुर गाउँपालिकाको** आर्थिक ऐन, **२०७५**" रहेको छ
(२) यो ऐन **२०७५** साल श्रावण १ **गते देखि जोशीपुर गाउँपालिका** क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः जोशीपुर गाउँपालिकाको** क्षेत्रभित्र अनुसूचि (**१**) बमोजिम एकिकृत सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत): जोशीपुर गाउँपालिका** क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः जोशीपुर गाउँपालिका** क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (**३**) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः जोशीपुर गाउँपालिका** क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (**४**) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः जोशीपुर गाउँपालिका** क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (**५**) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः जोशीपुर गाउँपालिका** क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (**६**) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः जोशीपुर गाउँपालिका** क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (**७**) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः जोशीपुर गाउँपालिका** क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (**८**) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०.**बहाल बिटौरी शुल्कः जोशीपुर गाउँपालिका** क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११.**पार्किङ शुल्कः जोशीपुर गाउँपालिका** क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२.**ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः जोशीपुर गाउँपालिकाले** आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३.**सेवा शुल्क, दस्तुरः जोशीपुर गाउँपालिकाले** निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४.**पर्यटनशुल्कः जोशीपुर गाउँपालिकाले** आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५.**कर छुटः** जोशीपुर गाउँपालिकाको बाढी ग्रस्त क्षेत्र बाहेक अन्यको हकमा यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि **जोशीपुर गाउँपालिकाले** तोके अनुसार हुने छ ।

१७. **जरिवाना** यस ऐनमा व्यवस्था भएका कर हरुको बक्यौता रकममा एक वर्षको लागि १५ प्रतिशत एक वर्ष भन्दा माथिको वक्यौताका लागि प्रती वर्ष २० प्रतिशत र पाँच वर्ष भन्दा माथि निजके सम्पत्ती रोक्का राखीने छ।

१८. यस ऐनमा व्यवस्था भए देखी वाहेकका कर दस्तुरहरुको हकमा संघीय सरकार र प्रदेश सरकारले तोके बमोजिम हुने छ ।

**अनुसूची -१**
**दफा २ सँग सम्बन्धित**
**नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम**

**एकीकृत सम्पत्तिको दर :**

| क्र.सं. | एकीकृत सम्पत्तिको मूल्य रुपैयामा | आ.व.२०७४।०७५ को स्वीकृत दर टिकापुर | जोशीपूर प्रस्थावीत सम्पत्ती मूल्य | जोशीपूर प्रस्थावीत कर मूल्य | कैफीएत |
|---|---|---|---|---|---|
| **अ** | **१० लाख रुपैया सम्म** | | | | |
| १ | १ लाख सम्म | २५ | १००००० | २५ | |
| २ | १ लाख १ देखि २ लाख सम्म | ४० | २००००० | ४० | |
| ३ | २ लाख १ देखि ३ लाख सम्म | ५५ | ३००००० | ५५ | |
| ४ | ३ लाख १ देखि ४ लाख सम्म | ७० | ४००००० | ७० | |
| ५ | ४ लाख १ देखि ५ लाख सम्म | ८५ | ५००००० | ८५ | |
| ६ | ५ लाख १ देखि ६ लाख सम्म | १०० | ६००००० | १०० | |
| ७ | ६ लाख १ देखि ७ लाख सम्म | ११५ | ७००००० | ११५ | |
| ८ | ७ लाख १ देखि ८ लाख सम्म | १३० | ८००००० | १३० | |
| ९ | ८ लाख १ देखि ९ लाख सम्म | १४५ | ९००००० | १४५ | |
| १० | ९ लाख १ देखि १० लाख सम्म | १६० | १०००००० | १६० | |
| **आ** | **१० लाख १ देखि २० लाख सम्म** | | | | |
| १ | १० लाख १ देखि १२ लाख सम्म | २५० | १२००००० | २०० | |
| २ | १२ लाख १ देखि १४ लाख सम्म | २८० | १४००००० | २४० | |
| ३ | १४ लाख १ देखि १६ लाख सम्म | ३१० | १६००००० | २८० | |
| ४ | १६ लाख १ देखि १८ लाख सम्म | ३४० | १८००००० | ३२० | |
| ५ | १८ लाख १ देखि २० लाख सम्म | ३७० | २०००००० | ३६० | |

| | | | | | |
|---|---|---|---|---|---|
| **इ** | **२० लाख १ देखि ३० लाख सम्म** | | | | |
| १ | २० लाख १ देखि २२ लाख सम्म | ५०० | २२००००० | ४२० | |
| २ | २२ लाख १ देखि २४ लाख सम्म | ६१० | २४००००० | ४८० | |
| ३ | २४ लाख १ देखि २६ लाख सम्म | ७२० | २६००००० | ५४० | |
| ४ | २६ लाख १ देखि २८ लाख सम्म | ८३० | २८००००० | ६०० | |
| ५ | २८ लाख १ देखि ३० लाख सम्म | ९४० | ३०००००० | ६६० | |
| **ई** | **३० लाख १ देखि ५० लाख सम्म** | | | | |
| १ | ३० लाख १ देखि ३३ लाख सम्म | १२०० | ३३००००० | ७४० | |
| २ | ३३ लाख १ देखि ३६ लाख सम्म | १४५० | ३६००००० | ८२० | |
| ३ | ३६ लाख १ देखि ३९ लाख सम्म | १७०० | ३९००००० | ९०० | |
| ४ | ३९ लाख १ देखि ४२ लाख सम्म | १९५० | ४२००००० | ९८० | |
| ५ | ४२ लाख १ देखि ४५ लाख सम्म | २२०० | ४५००००० | १०६० | |
| ६ | ४५ लाख १ देखि ४८ लाख सम्म | २४५० | ४८००००० | ११४० | |
| ७ | ४८ लाख १ देखि ५० लाख सम्म | २७०० | ५०००००० | १२२० | |
| **उ** | **५० लाख १ देखि १ करोड सम्म** | | | | |
| १ | ५० लाख १ देखि ६० लाख सम्म | ३५०० | ६०००००० | १५०० | |
| २ | ६० लाख १ देखि ७० लाख सम्म | ४८७५ | ७०००००० | १७५० | |
| ३ | ७० लाख १ देखि ८० लाख सम्म | ६२५० | ८०००००० | २००० | |
| ४ | ८० लाख १ देखि ९० लाख सम्म | ७६२५ | ९०००००० | २२५० | |
| ५ | ९० लाख १ देखि १ करोड सम्म | ९००० | १००००००० | २५०० | |
| **ऊ** | **१ करोड १ देखि २ करोड सम्म** | | | | |
| १ | १ करोड १ देखि १ करोड २० लाख सम्म | १२००० | १२०००००० | ३२४० | |
| २ | १ करोड २० लाख १ देखि १ करोड ४० लाख सम्म | १३५०० | १४०००००० | ३७८० | |
| ३ | १ करोड ४० लाख १ देखि १ करोड ६० लाख सम्म | १५००० | १६०००००० | ४३२० | |
| ४ | ६ करोड २० लाख १ देखि १ करोड ८० लाख सम्म | १६५०० | १८०००००० | ४८६० | |
| ५ | १ करोड ८० लाख १ देखि २ करोड सम्म | १८००० | २०००००००० | ५४०० | |
| **ए** | **२ करोड १ देखि ५ करोड सम्म** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | २ करोड १ देखि २ करोड ३० लाख सम्म | २५००० | २३०००००० | ६९०० | |
| २ | २ करोड ३० लाख १ देखि २ करोड ६० लाख सम्म | २८३३५ | २६०००००० | ७८०० | |
| ३ | २ करोड ६० लाख १ देखि २ करोड ९० लाख सम्म | ३१६७० | २९०००००० | ८७०० | |
| ४ | २ करोड ९० लाख १ देखि ३ करोड २० लाख सम्म | ३५००५ | ३२०००००० | ९६०० | |
| ५ | ३ करोड २० लाख १ देखि २ करोड ५० लाख सम्म | ३८३४० | ३५०००००० | १०५०० | |
| ६ | ३ करोड ५० लाख १ देखि २ करोड ८० लाख सम्म | ४१६७५ | ३८०००००० | ११४०० | |
| ७ | ३ करोड ८० लाख १ देखि ४ करोड १० लाख सम्म | ४५०१० | ४१०००००० | १२३०० | |
| ८ | ४ करोड १० लाख १ देखि ४ करोड ४० लाख सम्म | ४८३४५ | ४४०००००० | १३२०० | |
| ९ | ४ करोड ४० लाख १ देखि ४ करोड ७० लाख सम्म | ५१६८० | ४७०००००० | १४१०० | |
| १० | ४ करोड ७० लाख १ देखि ५ करोड | ५५०१५ | ५००००००० | १५००० | |
| **ऐ** | **५ करोड १ देखि माथि** | | प्रति हजार २ रुपैया | | |

**२.भौतिक संरचनाको वर्गिकरण :**

| **क.सं.** | **घरको बनावट** | **आ.व.२०७४।७५ का लागि स्वीकृत दर** | **आ.व.२०७५।७६ का लागि प्रस्तावित दर प्रति वर्गफिट** | **कैफीयत** |
|---|---|---|---|---|
| १ | भित्र काँचो बाहिर पाको ईटामा माटोका जोडाई भएको वा काठै काठबाट बनेको र जस्ता झिंगटी, टायल, एसवेस्टसको छाना भएको घर | | १००।- | |
| २ | भित्र बाहिर पाको ईटा वा ढुंगामा माटोको जोडाइ भई भित्र बाहिर सिमेन्ट प्लाष्टर गरी छाना ढलान (आर.सि.सि.वा आर.वि.सी.) गरिएको वा जस्ता, टायल, झिंगटी, एसवेस्टसको छाना भएको घर | | ६००।- | |
| ३ | भित्र बाहिर पाको ईटा वा ढुंगामा सिमेन्ट प्लाष्टर गरी छाना ढलान ( आर.सि.सि.वा आर.वि.सी.) गरिएको घर | | ७००।- | |
| ४ | आर.सि.सि. फ्रेम स्टक्चरमा लिफ्ट एस्कलेटर जडान भएको घर | | १,०००।- | |

साथै कँचो ईटा वा माटोको गाह्रो वा बाँस वा काठको टाटी भै फुस, छवाली, खर, पराल र जस्ता वा टीनको छाना भएको तथा अस्थायी प्रकृतिको घरको मूल्यांकन गरिने छैन। सिनेमा हलको भवनको अग्र भाग लगायत मिल वा कारखानाको कच्चा पदार्थ राखिने घर, मजदुर आवास र सेडहरु तथा होटलको ग्राहक बस्ने खाने घर जग्गा, सवारी साधन पार्किङ्ग स्थान र बगैंचाको मूल्यांकन गर्दा उल्लेखित दरमा २५ प्रतिशत छुट दिईनेछ।

**३. टुटफुट कट्टीदर तथा जम्मा कट्टी गर्ने वर्ष :**

| **क.सं.** | **घरको बनावट** | प्रतिवर्ष टुटफुट कट्टीदर प्रतिशत | **कट्टी गर्ने जम्मा वर्ष** | **कैफीयत** |
|---|---|---|---|---|
| १ | भित्र काँचो बाहिर पाको ईटामा माटोका जोडाई भएको वा काठै काठबाट बनेको र जस्ता झिंगटी, टायल, एसवेस्टसको छाना भएको घर | ३.०० | २५ | |
| २ | भित्र बाहिर पाको ईटा वा ढुंगामा माटोको जोडाइ भई भित्र बाहिर सिमेन्ट प्लाष्टर गरी छाना ढलान (आर.सि.सि.वा आर.वि.सी.) गरिएको वा जस्ता, टायल, झिंगटी, एसवेस्टसको छाना भएको घर | २.०० | ३० | |
| ३ | भित्र बाहिर पाको ईटा वा ढुंगामा सिमेन्ट प्लाष्टर गरी छाना ढलान | | | |

| | | | | |
|---|---|---|---|---|
| | (आर.सि.सि.वा आर.वि.सी.) गरिएको घर | १.०० | ७० | |
| ४ | आर.सि.सि. फ्रेम स्टक्चरमा लिफ्ट एस्कलेटर जडान भएको घर | ०.७५ | १०० | |
| ५ | स्टील फ्रेम स्ट्रक्चर, फविडट्रस, फइवर वा यस्तै संरचना | ०.७५ | १०० | |

**नोट :**

१. वर्तमान करका दररेटमा कुनै संशोधन वा परिवर्तन हुन गएमा सोही बमोजिम हुनेछ ।

२.चालु आर्थिक वर्षको पौष मसान्त सम्ममा एकीकृत सम्पत्तिकर बुझाएमा १० प्रतिशत छुट दिईनेछ ।

## अनुसूची -२
## दफा ३ सँग सम्बन्धित
## नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम
## भूमि कर (मालपोत) करको दरः

**भूमि कर (मालपोत)** वक्यौता असूली गरिए बमोजिम २०७४/०७५ सम्मको सोही दरमा वक्यौता असूली गर्ने

## अनुसूची -३
## दफा ४ सँग सम्बन्धित
## नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम
## घर जग्गा बहाल करको दरः

गाउँपालिकाको क्षेत्रभित्रको घर,पसल,गोदाम,टहरा,शेड,कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा बहाल दिएकोमा सम्बन्धित घर जग्गा धनीबाट बहाल रकमको २ प्रतिशत (आन्तरिक राजश्व कार्यालयले लिने १० प्रतिशत बहाल कर उक्त कार्यालयले लिन बन्द गरेको अवस्थामा १२ प्रतिशत

## अनुसूची -४
## दफा ५ सँग सम्बन्धित
## नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम
## व्यवसाय करको दर :

| क्र. सं. | व्यवसायको प्रकृति | आ.व. २०७४/७५ को स्वीकृत दर | आ.व. २०७५/७६ को प्रस्तावित दर | कैफीयत |
|---|---|---|---|---|
| **१.** | **व्यापारिक वस्तु :** | | | |
| | चुरोट थोक विक्रेता : | | १०००।० | |
| | नेपाल टोबाको चुरोट | | १०००।० | |
| | सूर्यटोबाका कम्पनिका चुरोटहरु | | १०००।० | |
| | जनकपुर चुरोट कारखानाका चुरोटहरु | | १०००।० | |
| | अन्य उच्च स्तरीय स्वदेशी, विदेशी चुरोट,विडी वा सूर्तीलाई | | १०००।० | |
| **२** | **रक्सी होटेल** | | | |
| | मदिरा डिलर | | ५०००।० | |
| | वियरको मात्र डिलर | | ३०००।० | |
| | डिलरसिप नभई थोक तथा खुद्रा मदिरा विक्रेतालाई | | ४५०० | |
| | कोल्ड स्टोरलाई | | ३५०० | |
| **३** | **ज्वेलरी :** | | | |
| | ज्वेलरी,जवाहरात थोक विक्री गर्ने | | ५००० | |
| | ज्वेलरी,जवाहरात खुद्रा विक्री गर्ने | | ३५०० | |
| | सुन, चादीका गहना बनाउनेका साथै ठूला पसललाई | | २००० | |
| | सुन,चादीका गहना बनाउनुका साथै खरिद विक्री गर्ने मध्यम पसललाई | | १५०० | |

| | | | | |
|---|---|---|---|---|
| | सुन, चांदीका गहना बनाउने साना पसललाई | | १२०० | |
| | जलप लगाएका ठूला पसललाई | | १६०० | |
| | जलप लगाएका गहनाहरुको साना पसललाई | | १२०० | |
| ४ | **भिडियो,क्यासेट रेकर्डर तथा प्लेयर आदिका थोक तथा खुद्रा व्यवसाय** | | | |
| | क्यासेट रेकर्डर थोक पसल | | ८०० | |
| | क्यासेट रेकर्डर खुद्रा पसल सि.डी. डि.भी.डी. विक्रेता | | ७५० | |
| | सि.डी.,डि.भी.डी भिडियो र क्यासेट भाडामा मर्मत दिनेलाई तथा डविंग गर्ने | | १०५० | |
| | भिडियोका क्यासेट भाडामा दिने र विक्री गर्ने | | १६५० | |
| | साउण्ड सिस्टम / डिजे भाडामा दिने | | २००० | |
| ५ | **निर्माण सामाग्री** : | | | |
| | **रंगरोगन, किलाकाटी, सनमाइका, प्लाइउड, सेनेटरी सामान,सरिया, सिमेन्टका साथै फलोरिंग फर्निसिंग र अन्य निर्माण सामाग्री थोक तथा खुद्रा विक्रेता** | | | |
| | ठूला पसललाई | | २००० | |
| | मध्यम पसललाई | | १५०० | |
| | साना स्तरका लाई | | १००० | |
| | उल्लेखित बाहेकका खुद्रा मालसामानका साथै कृषि उपकरणका सामान विक्री गर्नेलाई | | ७०० | |
| | सिमेन्टका थोक कारोवार गर्नेलाई | | ४४०० | |
| | किलाकाटी, रंगरोगनका सामान विक्रेतालाई | | २००० | |
| | सरिया, सिमेन्ट मात्र अलग अलग विक्री गर्नेलाई | | २००० | |
| | फलारिंग फर्निसिंग टायल मात्र विक्री गर्नेलाई | | ८५० | |
| | ढुंगा, वालुवा आदि निर्माण सामाग्री बिक्री गर्नेलाई | | २००० | |
| ६. | **कम्प्युटर र अन्य इलेक्ट्रोनिक्स सामान** | | | |
| | कम्प्युटर र सोका पार्टस् विक्री गर्ने पसललाई | | २००० | |
| | कम्प्युटर,फ्रीज,टी.भी.मोबाइल्स, राइस कुकर आदिको थोक तथा खुद्रा विक्रेता | | ३००० | |
| | टी.भी.र सो का पार्टस विक्रेता | | ११०० | |
| | मोबाइल ग्यालेरी , मोबाइल्स सेट विक्री तथा मर्मत | | २००० | |
| | मोबाइल मर्मत | | ५०० | |
| | फ्रीज,कुलर, राइस कुकर मर्मत आदि | | ११०० | |
| ७ | **विद्युतिय सामान :** | | | |
| | विजुलीका सामानका साथै विजुलीबाट चल्ने उपकरण जस्तैःहिटर, कुलर,पंखा ,आइरन आदिलाई | | १००० | |
| | विजुलीका सामान मात्र विक्री गर्नेलाई | | १००० | |
| | रेडियो,घडी विक्री गर्ने पसललाई | | ६५० | |
| | घडी मात्र विक्री गर्ने पसललाई | | ५०० | |
| | विजुलीका ट्रान्सफर्म, मोटर बनाउने वा मर्मत गर्ने | | १००० | |
| ८ | **पेट्रोलियम पदार्थका थोक तथा खुद्रा व्यापार** | | ३२०० | |
| | **नेपाल आयल निगमका डिलरहरु** | | २००० | |
| | एक पम्प मात्र भएकालाई | | ७०० | |
| | दुई पम्प वा सो भन्दा माथिका लाई | | २००० | |
| | ग्यासका डिलर | | १००० | |
| | ड्रममा पेट्रोलियम पदार्थ विक्रेताबाट तेल बेच्नेलाई | | ७०० | |
| | मट्टीतेल मात्र विक्रेता | | ७०० | |
| ९ | **दैनिक उपभोगका खाद्य पदार्थ, सूती कपडा आदिका थोक तथा खुद्रा व्यापारमा** | | | |
| | **किराना पसलका साथ साथै अन्य मालसामान भएका पसललाई** | | | |
| | ठूला पसललाई | | १००० | |
| | साना पसललाई | | ५०० | |
| | गुड (भेली) उत्पादन गरी विक्री गर्नेलाई | | १००० | |
| | गुड (भेली) खुद्रा गरी विक्री गर्नेलाई | | ५०० | |
| | **सूती कपडा पसल** | | | |
| | सूती कपडा थोक पसल | | १००० | |
| | सूती कपडा खुद्रा पसल | | १००० | |
| १० | **सवारी साधन विक्रेतालाई** | | | |
| | बस, ट्रक विक्रेता | | १५००० | |
| | ट्रयाक्टर विक्रेता | | १०००० | |
| | जिप, भ्यान, कार विक्रेता | | १२००० | |

| | | | | |
|---|---|---|---|---|
| | मोटर साईकल, स्कुटर विक्रेता, पेटोल बाट चल्ने अटोरिक्सा | | ८००० | |
| | ई.रिक्सा | | ५००० | |
| | रिक्सा, साइकल नयां फिटिंग गरी बेच्ने पसल | | १००० | |
| | साईकल तथा सो का पार्टस् बिक्री गर्ने | | १००० | |
| ११ | **बिशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा** | | | |
| | चिकित्सक | | १५०० | |
| | कविराज,वैद्य | | ५०० | |
| | इन्जिनियर | | १५०० | |
| | कानून व्यवसाय | | १००० | |
| | लेखा परिक्षक | | १००० | |
| | दन्त चिकित्सक | | १००० | |
| | सिकर्मी | | ६०० | |
| | डकर्मी | | ६०० | |
| | अनुसन्धानकर्ता र परामर्श दाता | | १००० | |
| | कम्प्युटर एनालिष्ट र प्रोग्रामर | | १५०० | |
| | विमा एजेन्ट | | १००० | |
| | सर्भेयर | | १००० | |
| | अनुवादक | | १००० | |
| | पशु चिकित्सक | | १००० | |
| | सेयर दलाल | | १००० | |
| | सामान ढुवानी कर्ता तथा कम्पनी राष्ट्रिय | | २००० | |
| | सामान ढुवानी कर्ता तथा कम्पनी स्थानिय | | १५०० | |
| | संस्थागत पेन्टर स्थानीय | | ५५०० | |
| | घर नक्साको डिजाईन गर्ने कन्सल्टेन्सीलाई | | १५०० | |
| १२ | **निर्माण व्यवसाय** | | | |
| | नगरपालिकामा प्रधान कार्यालय भएका | | | |
| | क श्रेणीका निर्माण व्यवसायलाई | | १०००० | |
| | ख श्रेणीका निर्माण व्यवसायलाई | | ७००० | |
| | ग श्रेणीका निर्माण व्यवसायलाई | | ५००० | |
| | घ श्रेणीका निर्माण व्यवसायलाई | | ४००० | |
| १३ | **वित्तीय सेवा :** | | | |
| | निजी बैंक (केन्द्रिय) | | १०००० | |
| | निजी बैंक (शाखा) | | ७००० | |
| | विकास बैंक (केन्द्रिय) | | ६००० | |
| | विकास बैंक (शाखा) | | ५००० | |
| | वित्तीय संस्था (केन्द्रिय) | | ५००० | |
| | वित्तीय संस्था (शाखा) | | ४००० | |
| | सहकारी तथा लघुवित्त (केन्द्रिय) | | ३५०० | |
| | सहकारी तथा लघुवित्त (शाखा) | | २००० | |
| | वीमा कम्पनी | | ६००० | |
| | विदेशी मुद्रा सतही | | २५०० | |
| १४ | **उत्पादन मूलक उद्योग** | | | |
| | चिउरा उद्योग | | २२०० | |
| | ईटा टायल भट्टा एक चिमनी भएका | | ५००० | |
| | ईटा टायल भट्टा दुई वा सो भन्दा बढी चिमनी भएका | | १०००० | |
| | भुसी भट्टा | | २५०० | |
| | टायल,खपरेल | | २००० | |
| | सिमेन्ट टायल बनाउनेलाई | | २००० | |
| | सिमेन्टका ब्लक बनाउने २० ब्यालेटका रिंगलाई | | २००० | |
| | सिमेन्टका रेलिंग बनाउने | | २२०० | |
| | कपडा विक्रीका साथै तयारी पोशाक उत्पादन गर्नेलाई | | ३००० | |
| | चर्पीको रिङ्ग बनाउनेलाई | | ११०० | |
| | गारमेन्ट तयारी पोशाक मात्र | | २५०० | |
| | गारमेन्ट तयारी पोशाकका साथै कपडा सहित विक्रेता | | ३००० | |
| | प्लाष्टिकका सामान उत्पादन गर्नेलाई | | २५०० | |
| | कंक्रिट ह्युमपाइप ठूला उद्योगमा | | ६००० | |

| | | | | |
|---|---|---|---|---|
| | कंक्रिट ह्युमपाइप साना उद्योगमा | | ३००० | |
| | गलैचा उद्योग | | १००० | |
| | चप्पल उद्योग | | ३००० | |
| | स्वदेशी घरेलु कपडा उद्योग | | २५०० | |
| | डिस्टलरी ब्रुअरी उत्पादन वा हल्का पेय उत्पादन गर्ने | | ७००० | |
| | मिनिलर वाटर उत्पादन | | ३००० | |
| | **स्टील मेटल सामानहरु उत्पादन गर्ने उद्योगहरु** | | | |
| | स्टील मेटल बाट कुलर, दराज, बाकसका साथै आधुनिक फर्निचर उत्पादन गर्ने उद्योग | | ५५०० | |
| | स्टील बाकस ,ड्रमका साथै भाडा वर्तन बनाउने | | १००० | |
| | ग्रील, सटर, ट्रस, ट्रयाक्टरका ट्रली बनाउने ठूलालाई/प्रा.लि. भएकोलाई | | ४५०० | |
| | ग्रील, सटर, ट्रस, ट्रयाक्टरका ट्रली बनाउने मध्यमलाई | | २३०० | |
| | स्टील मेटलबाट मेशिनरी सामानका साथै विभिन्न औजार उपकरण उत्पादन गर्ने इन्जिनियरिंग वर्कसपलाई | | ४००० | |
| | ग्रील,सटर,ट्रस बनाउने सानालाई | | १५०० | |
| १५ | **उर्जा मूलक उद्योग** | | | |
| | उर्जा मूलक सबै उद्योग तथा व्यवसायमा | | | |
| | गोबर ग्यास | | २६०० | |
| | सोलार पावर | | ३५०० | |
| १६ | **कृषि तथा वनजन्य उद्योग :** | | | |
| | मूलतः कृषि वा बन पैदावारमा आधारित उद्योग व्यवसायमा | | | |
| | काठ चिरान सम्बन्धि काम गर्ने स:मिलमा | | २००० | |
| | प्लाइउड सम्बन्धि काम गर्ने स: मिलमा | | २५०० | |
| | सिसा, प्लाइउड विक्रेता | | ८०० | |
| | चिरान मेशिन राखी साधारण फर्निचर उत्पादन गर्ने | | १५०० | |
| | चिरान मेशिन राखी आधुनिक फर्निचर उत्पादन गर्ने | | २७५० | |
| | धान कुट्ने, गहु पिस्ने, तेल पेल्ने उद्योग (मिल) हरुमा | | | |
| | ५ हर्ष पावरदेखि २० हर्ष पावर सम्म | | १९०० | |
| | २१ हर्ष पावर देखि ३० हर्ष पावर सम्म | | २५५० | |
| | ३१ हर्ष देखि ५० हर्ष पावर सम्म | | ३२०० | |
| | ५१ हर्ष पावर देखि माथि | | ३८०० | |
| | मैदा, सूजी पिठो (गिड) मिलमा | | ६३५० | |
| | स्टील फर्निचर विक्रेता | | १२०० | |
| | विभिन्न किसिमका फर्निचर विक्री गर्ने | | २००० | |
| १७ | **खनिज उद्योग :** | | | |
| | खनिज उत्खनन् वा प्रशोधन गर्ने उद्योग व्यवसायमा | | २२०० | |
| १८ | **पर्यटक, आवास, होटेल रेष्टुरा, रिसोर्ट, ट्राभल्स एजेन्सी ,ग्लाइडिंग, वाटर र्‍याफटिंगआदि उद्योग व्यवसाय** | | | |
| | होटेल थ्री स्टार वा सो सरह | | १०००० | |
| | होटेल लज टु स्टार वा सरह | | ५५०० | |
| | होटेल लज वान स्टार वा सो सरह | | २००० | |
| | होटेल १देखि २० बेड सम्म | | ३३०० | |
| | होटेल २१ बेड देखि ३० बेड सम्म | | ६६०० | |
| | होटेल ३१ बेड देखि ५० बेड सम्म | | ११००० | |
| | होटेल ५१ बेड भन्दा माथि | | १६५०० | |
| | होटेल, लज व्यवसाय भई प्रा.लि. भएका होटेल हरुलाई | | ६६०० | |
| | होटेल, लज १५ बेड वा सो भन्दा माथिकालाई | | ३३०० | |
| | होटेल, लज ११ बेड देखि १४ बेड सम्मकालाई | | २२०० | |
| | होटेल, लज ५ देखि १० बेड सम्मकालाई | | १३०० | |
| | गेष्टहाउस, आवासका मात्र व्यवस्था भई ११ बेड सम्मको सुविधा उपयुक्तलाई | | १३०० | |
| | गेष्ट हाउस आवास मात्र व्यवस्था भएका साधारण बेड ११ भन्दा माथि/होमस्टे | | १३०० | |
| | गेष्टबेड आवास मात्र व्यवस्था भएका साधारणलाई बेड ५ देखि १० सम्म | | २००० | |
| | रेष्टुरेण्टलाई चमेना गृह मदिरा रहित | | ११०० | |
| | आधुनिक सुविधायुक्त रेष्टुरेण्ट एण्ड बार/डान्सबार/दोहोरीलाई | | २२०० | |
| | रेष्टुरेण्ट एण्ड बार/डान्सबार/दोहोरी भएका मध्यमलाई | | १६५० | |
| | रेष्टुरेण्ट एण्ड बार/डान्सबार/दोहोरी भएका सानालाई | | १३२० | |
| | उच्च स्तरिय खानाको व्यवस्था भएको होटेल | | २००० | |

| | | | | |
|---|---|---|---|---|
| | होटेल रेष्टुरेण्टमा पनि हलको व्यवस्था भएमा थप वार्षिक रु. | | ५५० | |
| | स्वीमिङ्ग पुलको लागि बार्षिक रु. | | ५५० | |
| | होटेल साधारणमा | | १३०० | |
| | मिठाई तथा भोजनालय | | २००० | |
| | उच्च स्तरीय मिठाई पसलमा | | १००० | |
| | मिठाईका साथै भोजनका उच्च स्तरीय व्यवस्था भएकामा | | २२०० | |
| | मिठाईका साथै भोजनका मध्यम स्तरीय व्यवस्था भएकोमा | | १३०० | |
| | साधारण चिया नास्ता पसल | | ८०० | |
| | चिया पसल | | ५०० | |
| १९ | **ट्राभल्स एजेन्सीहरु** | | | |
| | राष्ट्रिय | | ११०० | |
| | अन्तराष्ट्रिय | | २२०० | |
| | **र्‍याफ्टींग व्यवसाय** | | ५०००० | |
| २० | **छपाई तथा प्रकासन** | | | |
| | एक मात्र टेडल मेशिन राखि छपाईका काम गर्नेलाई | | ६०० | |
| | एक देखि दुई टेडल मेशिन राखि छपाईका काम गर्नेलाई | | ११०० | |
| | अफसेट प्रेस भएकालाई | | १५०० | |
| | स्क्रीन प्रिन्ट गर्नेलाई | | ६०० | |
| २१ | **चलचित्र व्यवसाय** | | | |
| | सिनेमा हल, भिडियो हल, सांस्कृतिक प्रर्दशन हल, थियटर,संगीत तथा मनोरञ्जन स्थलको प्रवेश शुल्कमा मनोरञ्जन कर | | | |
| | रेकडिङ्ग स्टुडियो (अडियो/भिडियो) | | १००० | |
| | जादु, सरकश, चटक आदिमा प्रति दिन २०० मनोरञ्जन कर लिने | | | |
| २२ | **सार्वजनिक परिवहन** | | | |
| | दुई बस सम्म राखी व्यवसाय गर्ने | | १२५० | |
| | तीन बस सम्म राखी व्यवसाय गर्ने | | १६५० | |
| | चार बस सम्म राखी व्यवसाय गर्ने | | २२०० | |
| | चार बस देखि माथि राखि व्यवसाय गर्ने | | २७५० | |
| | ट्रान्सपोर्ट (ढुवानी सेवा) | | | |
| | एक ट्रक भएकोलाई | | ५५० | |
| | दुई ट्रक भएकोलाई | | १०५० | |
| | तीन ट्रक भएकोलाई | | १५५० | |
| | चार ट्रक भएकोलाई | | २०५० | |
| | पाँच ट्रक वा सो भन्दामाथिलाई | | ३२०० | |
| | फोटोग्राफी | | ५०० | |
| | हवाई सेवा राष्ट्रिय | | ११०० | |
| **२३** | **शिक्षा सेवा** | | | |
| | निजी क्षेत्रका आधारभुत तहका विद्यालय | | २००० | |
| | निजी क्षेत्रका माध्यमिक तहका विद्यालय | | ३००० | |
| | निजी क्षेत्रका क्याम्पस | | ५००० | |
| | **तालिम तथा अनुसन्धान केन्द्र** | | | |
| | सिभिल इन्जिनियर,ओभरसियर | | ३००० | |
| | सव.ओ.सी,अमिन टेक्निकल तालिम केन्द्र | | ३००० | |
| | अ.न.मि. तालिम केन्द्र | | ३००० | |
| | सि.एम.ए. तालिम केन्द्र | | ३००० | |
| | आयुर्वेद, ए.ए.डब्लु तालिम केन्द्र | | ११०० | |
| | गैह्र सरकारी संस्था ,एन.जि.ओ. लाई | | २००० | |
| | ड्राइभिंग प्रशिक्षण केन्द्र | | ११०० | |
| | कुक, वेटर, पाकशिक्षा, तालिम केन्द्र | | ११०० | |
| | कम्प्युटर टाईपिंग तथा भाषा प्रशिक्षण केन्द्र | | १५०० | |
| | स्वदेशी तथा विदेशी भाषा प्रशिक्षण केन्द्र | | ११०० | |
| | कम्प्युटर प्रशिक्षण केन्द | | ११०० | |
| | टाइपिंग प्रशिक्षण केन्द | | ११०० | |
| | संगीत कला प्रशिक्षण केन्द | | ५५० | |
| | ट्युसन सेन्टर | | ३००० | |
| | बाद्यबादन प्रशिक्षण केन्द | | ५५० | |
| | नाट्यश्वरी कला केन्द | | ५५० | |

| | | | | |
|---|---|---|---|---|
| | स्वास्थ्य प्रशिक्षण केन्द्र/हेल्थ सेन्टर | | ११०० | |
| | अन्तराष्ट्रिय गैह्र सरकारी संस्था | | ३००० | |
| २४ | **मर्मत तथा संभार सेवा** | | | |
| | हेभि इक्वीपमेन्ट बस, ट्रक , कार, मोटरसाइकल, टेम्पो, साईकल मर्मत कारखाना | | २००० | |
| | हेभि इक्वीपमेन्ट बस,ट्रक ,कार,जिप मेशिनद्वारा मर्मत तथा सर्भिसिंग गर्ने | | २००० | |
| | ट्रक, जिप, कार, हेभि इक्वीपमेन्ट मशिन नराखी मर्मत गर्नेलाई | | १५०० | |
| | मोटरसाईकल मर्मतको साथै सोका पार्टस् विक्री गर्ने पसललाई | | १५०० | |
| | खराद मशिन राखी काम गर्नेलाई | | १६५० | |
| | गाडीमा पम्प मशिनद्वारा डिजेल सर्भिस गर्ने | | १६५० | |
| | मशिनद्वारा गाडीका सर्भिसिंग गर्ने | | ११०० | |
| | बस,ट्रक का बडी बनाउने | | ३३०० | |
| | मोटरसाईकल,टेम्पो आदि मर्मत गर्ने पसललाई | | ९०० | |
| | सवारी साधन डेन्टिंग पेन्टिंग गर्नेलाई | | १३५० | |
| | गाडीका टायर रिसोलिंग गरी रवर चढाउनेलाई | | १६५० | |
| | गाडीका टायर मर्मत गर्ने, हावा भर्नेलाई | | ५०० | |
| | ग्यास वेल्डिंग गर्नेलाई | | ५०० | |
| | इलेक्ट्रीक मेशिनबाट वेल्डिंग गर्नेलाई | | ५०० | |
| | इलेक्ट्रीक मेशिन राखी व्याट्री चार्ज गर्नेलाई | | ५०० | |
| | गाडी धुलाई गर्नेलाई | | ५०० | |
| | रिक्सा साइकल मर्मत गर्ने ठूला पसल | | ८०० | |
| | रिक्सा साइकल मर्मत गर्ने साना पसल | | ५०० | |
| | रेडियो,टी.भी,घडी,प्रेसरकुकर, हिटर ,टेलिफोन सेट, विद्युत सामाग्री मर्मत केन्द्र | | | |
| | कलर टी.भी., सादा टी.भी , रेडियोआदि जस्ता विद्युतिय सामान मर्मत गर्ने पसल | | ७०० | |
| | सादा टी.भी , रेडियो घडी, सामान मर्मत गर्ने पसल | | ५०० | |
| | रेडियो र घडी मात्र मर्मत गर्ने पसल | | ५०० | |
| | घडी मात्र मर्मत गर्ने पसल | | ५०० | |
| | प्रेसर कुकर, हिटर , आइरन , ग्यास चुलो स्टोप मर्मत गर्ने पसल | | ५०० | |
| | टेलिफोन फ्याक्स,फोटोकपी फ्रीज,पंखा, पानी तान्ने मोटर आदि मर्मत गर्ने पसल | | ६५० | |
| २५ | **अन्य मर्मत सेवा :** | | | |
| | कुर्सी ,सोफासेट मर्मत गर्ने पसल | | ८५० | |
| | कुर्सी मात्र मर्मत गर्ने पसल | | ५०० | |
| | पम्पसेट मर्मत गर्ने पसल | | ५५० | |
| | सिलाईमेशिन मर्मत गर्नेलाई | | ५५० | |
| | ट्रान्सफर्मर मर्मत गर्नेलाई | | ११०० | |
| २६ | **विज्ञापन सेवा** | | | |
| | विज्ञापन सेवा सबै किसिमका | | ५०० | |
| | बैदेशिक रोजगार सेवा | | ११०० | |
| | स्वदेशी रोजगार सेवा | | ५०० | |
| | सेक्रेटेरियल सेवा | | ११०० | |
| | अन्य परामर्श सेवा | | ११०० | |
| | हाउजिंग कम्पनि तथा घर जग्गा खरिद विक्री (रियल स्टेट) | | ५००० | |
| २७ | **फोटो स्टुडियो, सिलाई कटाई, पेन्टिंग, मासु पसल तथा अन्य व्यवसाय:** | | | |
| | कलर ल्याव स्टुडियो | | ११०० | |
| | फोटो खिच्ने र रिल संकलन गर्ने डिजिटल फोटो स्टुडियो | | ५५० | |
| | फोटो खिच्ने र रिल संकलन गर्ने साना पसलमा | | ५०० | |
| | फोटो मिक्सिंग गर्ने र सि.डी. तयार गर्ने | | १६५० | |
| | **सुचिकार,कपडा सिलाई गर्ने** | | | |
| | १ मशिन देखि २ मशिन राखी सिलाई गर्ने | | ४०० | |
| | ३ मशिन देखि ५ मशिन राखी सिलाई गर्ने | | ५०० | |
| | ६ मशिन देखि माथिका | | ७०० | |
| | १ मशिन देखि ३ मशिन सम्म राखी सिलाईका साथै कडाई गर्नेलाई | | ७०० | |
| | मसिन राखी ड्राई क्लिनर्स गर्नेलाई | | १३०० | |
| | साधारण धोबी पसल | | ४०० | |
| | साइन वोर्ड/ ि ल्याक्स ब्यानर बनाउन पेन्टिंग सेवा | | ५०० | |
| | साइन बोर्ड पेन्ट गर्ने ठूला पसललाई | | ५०० | |
| | साइन बोर्ड पेन्ट गर्ने साना पसललाई | | ४०० | |

| | | | | |
|---|---|---|---|---|
| | **मासु विक्रेता** | | | |
| | पशु बधशाला | | २००० | |
| | खसी बोकाको मासु पसलमा | | ५०० | |
| | बंगुर मासु पसलमा | | ५०० | |
| | कुखुराको मासु पसलमा | | ५०० | |
| | माछाका पसलमा | | ५०० | |
| | रांगाका मासु पसलमा | | ७०० | |
| | कुखुराका फुल (अण्डा) | | ५०० | |
| | **भाडाकुडा विक्रेता** | | | |
| | भाडाकुडा विक्रेताका ठूला पसल | | २५०० | |
| | भाडाकुडा विक्रेताका साना पसल | | २००० | |
| | स्टील । याट्रीका सेल्स डिपो | | १२०० | |
| | प्लाष्टिकका भाडावर्तन थोक तथा खुद्रा विक्रेता | | १००० | |
| | खेलौना, उपहार (गिफ्ट) विक्रेता | | १००० | |
| २८ | **अन्य व्यवसाय :** | | | |
| | क्यासिनो | | ५५००० | |
| | टुर अपरेटर | | ४४०० | |
| | मसाज पार्लर | | ११०० | |
| | केबुल नेटवर्किंग/च्यानल सञ्चालन | | ५५०० | |
| | टेलिफोन सेवा प्रदायक कम्पनीलाई | | ९,००० | |
| | ईन्टरनेट सेवा प्रदायक कम्पनी | | ६००० | |
| २९ | **माथिका वर्गिकरणमा समावेश नभएका सेवा, व्यावसायका कारोवार र स्तर हेरी वार्षिक** | | | |
| | श्रृंगारका साथै अन्य सामानका पसल | | ५०० | |
| | श्रृंगारका साथै अन्य सामानका थोक तथा खुद्रा (ठूलो) | | ७०० | |
| | श्रृंगारका साथै अन्य सामानका थोक तथा खुद्रा (मध्यम) | | ५०० | |
| | श्रृंगारका साथै अन्य सामानका (सानो) निम्न स्तर | | ५०० | |
| | रेडिमेट कपडा, श्रृंगार, इलेक्ट्रोनिक समानका साथै अन्य फेन्सी सामानका ठूला पसल | | १६०० | |
| | रेडिमेट कपडा, श्रृंगार, इलेक्ट्रोनिक समानका साथै अन्य फेन्सी सामानका मध्यम पसल | | ११०० | |
| | रेडिमेट कपडा, श्रृंगार, इलेर्क्ट्रोनिक समानका साथै अन्य फेन्सी सामानका साना पसल | | ७०० | |
| | ब्युटीपार्लर,केश श्रृंगार,ड्राई क्लिनर्स, फोटोस्टुडियो, सिलाई आदि | | ७०० | |
| | ब्युटी, केश श्रृंगार | | ५०० | |
| | हजाम २ सिट देखि ५ सिट सुविधा युक्त | | ६५० | |
| | हजाम ३ सिट देखि माथि भएका साधारणलाई | | ८०० | |
| | हजाम ३ सिट सम्मका साधारण्लाई | | ५५० | |
| | हजाम १ सिट देखि २ सिट सम्मका लाई | | ५०० | |
| ३० | **स्वदेशी तथा विदेशी कपडा पसल र गल्ला खरिदविक्री** | | | |
| | स्वदेशी तथा विदेशी कपडाका साथै रेडिमेट कपडा पसल ठूला | | २५०० | |
| | स्वदेशी तथा विदेशी कपडा मध्यम स्तरका | | १७०० | |
| | स्वदेशी तथा विदेशी कपडा साधारण पसल | | १२०० | |
| | गल्ला खरिद विक्री गर्ने पसललाई | | | |
| | आफ्ना गोदाम राखी गल्ला खरिदविक्री गर्ने उच्च स्तरीयलाई | | ५००० | |
| | आफ्ना गोदाम राखी गल्ला खरिदविक्री गर्ने मध्यम स्तरीयलाई | | २७५० | |
| | गल्ला खरिदविक्री गर्ने साना पसललाई | | १४५० | |
| ३१ | **विभिन्न उद्योगहरु :** | | | |
| | पाउरोटी, विस्कुट, केकका साथै अन्य उत्पादन उद्योगमा | | २००० | |
| | पाउरोटी उद्योग ठूलोमा | | १७०० | |
| | पाउरोटी उद्योग सानोमा | | ६०० | |
| | टफी, चकलेट आधुनिक मसिनद्वारा उत्पादन गर्ने उद्योग | | १२०० | |
| | टफी, चकलेट स्थानिय प्रविधिद्वारा उत्पादन गर्ने उद्योग | | ७०० | |
| | दालमोठका साथै अन्य विभिन्न नमकिन / चाउमिन उत्पादन गर्ने उद्योग | | ६५० | |
| | विभिन्न किसिमका मसला उद्योग | | ७०० | |
| | मैनवत्ति उद्योग | | ५०० | |
| | अगरवत्ति उद्योग | | ५०० | |
| | श्रृंगारका क्रिम पाउडर उद्योग | | ५०० | |
| | वरफ, कुल्फी उद्योग | | ५०० | |

| | | | | |
|---|---|---|---|---|
| | वरफ मात्र उत्पादन गर्ने उद्योग | | ५०० | |
| | ढाकाटोपी उद्योग | | ६५० | |
| | होजियारी सुइटर बुनाई आधुनिक मसिनद्वारा ठूलो पसल | | १३०० | |
| | होजियारी सुइटर बुनाई दुई मसिन देखि माथि | | ६५० | |
| | होजियारी सुइटर बुनाई एक मसिन देखि  दुई मसिन सम्म | | ५०० | |
| | साबुन र पाउडर(सर्फ) उद्योगमा | | २२०० | |
| | साबुन मात्र उत्पादन गर्ने | | ८०० | |
| | घरेलु कपडा उद्योग/प्याकेजिङ्ग | | ८०० | |
| | चक, डस्टर उत्पादन गर्ने उद्योग | | ५५० | |
| | मिश्री, गट्टा उत्पादन गर्ने उद्योग | | ८०० | |
| | पानपराग, गुटखा उत्पादन गर्ने उद्योग | | ५५० | |
| | मकैका फूला खाजा उत्पादन गर्ने उद्योग | | ५५० | |
| | डेरी फर्म मिठाई समेत भएकोलाई | | १३०० | |
| | डेरी फर्म मात्र भएकोलाई | | ५०० | |
| | ब्याग बनाउने तथा मर्मत गर्नेलाई | | ९०० | |
| | सिलाईकटाई, कढाईको तालिम गराउनेलाई | | ५०० | |
| | सिलाईकटाई तालिम गराउने मध्ये १ मात्र तालिम गराउने केन्द्र | | ५०० | |
| | टि.भी, रेडियो मर्मतको प्रशिक्षण गर्ने, गराउने | | ५०० | |
| | विभिन्न मालसामानका थोक विक्रेता (अधिकृत विक्रेता) | | | |
| | मेशिनरी पार्ट्स विक्रेताहरु | | | |
| | डिलर नभई गाडीका स्पेयर पार्टपूर्जा थोक तथा खुद्रा विक्री गर्ने पसलमा | | १६५० | |
| | डिलर नभई गाडीका स्पेयर पार्टपूर्जा थोक तथा खुद्रा विक्री गर्ने  साना पसलमा | | १३५० | |
| | गाडीका बडी सम्बन्धि सामान विक्री गर्ने पसललाई | | ९०० | |
| | बिस्कुटका थोक विक्रेता | | १६५० | |
| | चकलेट, टफी, नमकिनका थोक विक्रेता | | १३५० | |
| | वनस्पति  घिउ चिनी का थोक विक्रेता | | ११०० | |
| | हल्का पेय पदार्थ चिसो थोक विक्रेता | | ९५० | |
| | साल्ट ट्रेडिङ्गका नून, चिनी डिलर | | ११०० | |
| | जुत्ता चप्पल छालाका डिलर | | १६५० | |
| | जुत्ता चप्पल अन्यका डिलर | | ११०० | |
| | चाउचाउका थोक विक्रेता | | २७५० | |
| | ब्याट्रीका थोक विक्रेता | | १६५० | |
| | टुथपेष्ट र ब्रसका थोक विक्रेता | | १६५० | |
| | कागजका थोक विक्रेता | | ७५० | |
| | उन,चिया सलाईका डिलर | | ७५० | |
| | गाडीका टायरका थोक विक्रेता | | ३८५० | |
| | पिठो, मैदा, सूजीका थोक विक्रेता | | १६५० | |
| | जुट ब्याग (बारी) का थोक विक्रेता | | ११०० | |
| | आफ्ना मिलबाट कुटानी, पिसानी, पेलानी गरी डिपो राखि तेल, पिठो, चामल विक्री गर्ने | | ३८५० | |
| | कुनै ] याट्रीले उत्पादन गरेका जुनसुकै मालसामान आफ्ना सेल्स शाखाबाट विक्री गर्ने डिपोमा | | २७५० | |
| ३२. | **स्वास्थ्य सेवा** | | | |
| | गैर सरकारी अस्पताल | | ८००० | |
| | नर्सिंग होम | | ८००० | |
| | क्लिनिक | | २००० | |
| | ल्याव | | २००० | |
| | औषधि थोक पसल | | १५०० | |
| | औषधि खुद्रा ठूला पसल | | ७०० | |
| | औषधि खुद्रा साना पसल | | ६५० | |
| | दन्त क्लिनिक | | ५०० | |
| | अल्ट्रासाउण्ड एक्सरे | | १०५० | |
| | सादा एक्सरे | | ६५० | |
| ३३ | **अन्य :** | | | |
| | तरकारी फलफूल थोक पसल | | 500 | |
| | खुद्रा तरकारी फलफूल पसलका साथै अन्यलाई | | ५०० | |

| | | | | |
|---|---|---|---|---|
| | खुद्रा फलफूल पसल | | ५०० | |
| | खुद्रा तरकारी मात्र बिक्री गर्नेलाई | | ५०० | |
| | सेनेटरी सामान बिक्री तथा मर्मत गरी जडान गर्ने पसललाई | | ६५० | |
| | नल वाइरिङ्ग गर्ने मिस्त्री | | ६५० | |
| | फोटोफ्रेम गर्ने पसल | | ६५० | |
| | लेन्टर ढलानका लागि सेट्रिङका सामान भाडामा दिने | | ६५० | |
| | विभिन्न मालसामान संकलन गर्ने कवाडी ठूला | | १३५० | |
| | विभिन्न मालसामान संकलन गर्ने कवाडी साना | | ९०० | |
| | आरन व्यवसाय | | ५०० | |
| | पाठ्य पुस्तकका साथसाथै अन्य सामान पुस्तक र खेलकुद सामाग्री भएका ठूला पसललाई | | १००० | |
| | पाठ्य पुस्तकका साथसाथै अन्य सामान पुस्तक र खेलकुद सामाग्री भएका मध्यम पसललाई | | ८०० | |
| | पाठ्य पुस्तक कापी कलम मात्र बिक्री गर्ने साधारण पसल | | ६०० | |
| | चस्मा बिक्री तथा मर्मत गर्ने | | ८०० | |
| | **कुखुरा पालन व्यवसाय** | | | |
| | १००० भन्दा माथि कुखुरा पालन गर्ने पोल्ट्री फार्मलाई | | ११०० | |
| | १००० सम्मको कुखुरा पालन गर्ने पोल्ट्री फार्मलाई | | ५५० | |
| | ह्याचरी ( चल्ला उत्पादन गर्ने) लाई | | ३००० | |
| | पशु पन्छीकोआहार उत्पादन गर्नेलाई | | ११०० | |
| | कृषि मल विउ किटनाशक औषधिका साथै भेटेनरी औषधिको थोक बिक्रेतालाई | | ५५० | |
| | कृषि मल विउ किटनाशक औषधिका साथै भेटेनरी औषधिको खुद्रा बिक्रेतालाई | | ५०० | |
| | कृषि सामाग्री संस्थान वा बाहिरबाट रासायनिक मल विउको थोक बिक्रेता | | ५०० | |
| | भैंसी पालन व्यवसाय | | ५०० | |
| | फूल र विरुवा नर्सरीको बिक्रेता | | १००० | |
| | पुल हाउस | | ११०० | |
| | व्यवसायिक व्यायामशालालाई | | ५५० | |
| | खोका व्यवसाय | | ५०० | |

**नोट:** क) माथिको बर्गिकरणमा समावेश नभएका अन्य किसिमका उद्योग, ब्यापार वा पेशा व्यवसायमा गाउँपालिकाले गरेको बर्गिकरण अनुसार पाँच सयदेखि बीस हजारसम्म,

**पून:श्च :**

**१.व्यवसायकर असोज मसान्त सम्ममा बुझाएमा ५ प्रतिशत छुट दिईनेछ ।**

२. गाउँपालिकाले तोकेको अवधिमा गाउं क्षेत्र भित्र व्यवसाय संचालन गरे वाफत बार्षिक रुपमा तिर्नूपर्ने रकम नतिरेमा निम्नानूसारको थप जरिवाना लाग्नेछ ।

क. म्याद समाप्त भएको मिती असोज मसान्तसम्म नि:शूल्क

ख. असार मसान्तसम्मको लाग्ने दस्तूरको १० प्रतिशत

३. व्यवसाय प्रमाण पत्र वापत रु.१००।–

## अनुसूची -५
## दफा ६ सँग सम्बन्धित
## नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम
## पशुजन्य उत्पादनको निकासी करको दर :

क) पशु चौपाया, पंछिको प्वाँख, हाड, सिंग, खुर र छालाको प्रति केजि दर गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## अनुसूची ६
## दफा ७ सँग सम्बन्धित
## नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम
## सवारी साधन करको दर:

**१.आ.व.२०७५/७६ को लागि प्रस्तावित सवारी दर्ता तथा वार्षिक सवारी करको दर :**

क) बस, ट्रक, लरी र अन्य हेभी गाडी रु. २०००।– ख) क्रेन स्काभेटर डोजर लोडर रु.२,५००।–
ग) भाडाको तथा निजी कार, जिप रु.५००।– घ) भाडाको तथा निजी टेम्पो रु.३००।–
ङ.) भाडाको मिनी बस, ट्याक्टर रु.१,०००।– च) निजी कार, टेम्पो, मिनी बस, जीप, ईलेक्ट्रीक रिक्सा रु.३००।–
छ) स्कूटर, मोटरसाईकल तथा अन्य सवारी साधन रु.१५०।– ज) ठेला रिक्सा रु.४०।– झ) रिक्सा रु.४०।–

**अनुसूची ७**
**दफा ८ सँग सम्बन्धित**
**नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम**
**बिज्ञापन करको दर:**

क) बिज्ञापन बोर्ड १० स्क्वायर फिट सम्मका लागि प्रति स्क्वायर फिट रु.२५।–
ख) बिज्ञापन बोर्ड २० स्क्वायर फिट सम्मका लागि प्रति स्क्वायर फिट लागि रु.३५।–
ग) बिज्ञापन बोर्ड ३० स्क्वायर फिट सम्मका लागि प्रति स्क्वायर फिट रु.४०।–
घ) बिज्ञापन बोर्ड ३१ स्क्वायर फिट देखि माथिका लागि प्रति स्क्वायर फिटरु.५०।–
ङ.) भित्ते लेखन प्रति स्क्वायर फिट रु.२०।–
च) विद्युतीय वा टेलिफोनका पोलमा राखेका प्रति बोर्डमा रु.५५०।–
छ) फ्ल्याक्स ब्यानरमा १० स्क्वायर फिट सम्मलाई प्रति स्क्वायर फिट रु.८०।– र सो भन्दा माथिका ब्यानरलाई प्रतिस्क्वायर फिट रु.१२०।–
ज) अस्थाई रुपमा पोलमा लगाईएका ब्यानर प्रति दिन रु.२०।–
झ) सडक वारपार गरी लगाईएका ब्यानर प्रति दिन रु.४०।– उक्त ब्यानरहरुको बढीमा १५ दिनको लागि मात्र लगाउन पाइने छ । त्यस पछि सम्बन्धित व्यक्ति वा संस्थाले लैजानु पर्नेछ ।

**नोट:** १. १०० स्क्वायर फिट भन्दा ठूला साईजको विज्ञापन बोर्ड राख्न पाईने छैन ।
२. नेपाल सरकार वा जनचेतना मूलक माईकिंगमा विज्ञापन कर लाग्ने छैन ।

**अनुसूची ८**
**दफा ९ सँग सम्बन्धित**
**नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम**
**मनोरञ्जन करको दर:**

सिनेमाहल, भिडियोहल, सांस्कृतिक प्रर्दशन हल, थ्रियेटर संगीत तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शूल्कमा २ प्रतिशत
ख) जादु, सर्कस चटक प्रति दिन रु.२००।– देखि रु.५००।– सम्म

**अनुसूची ९**
**दफा १० सँग सम्बन्धित**
**नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम**
**बहाल विटौरी शुल्कको दर:**

१.गाउंपालिकाले आफूले निर्माण रेखदेख वा संचालन गरेको हाट बजार सार्वजनिक स्थल, बाटो छेउ ऐलानी जग्गामा पसल राख्न मासिक प्रति वर्ग फीट रु.२

२.अस्थायी हाटबजार :

अ) टोकरी पसल रु.५।-आ) साग सब्जी र फलफूल पसल रु.१०
आ) पकौडा, समोसा, जेरी, पानीपुरी आदि जस्ता पसल रु.२०
इ) माछा, मासु पसलरु.२५।-ई) अन्य पसल रु.१५।-
ई) चौपाया प्रतिगोटा रु.२५।-
उ) गाउंपालिका भित्रको सरकारी, सार्वजनीक ऐलानी प्रति जग्गाको लगत संकलन गरी करको दायरामा समावेश गर्नका लागि उक्त जग्गामा वजारको हकमा प्रति वर्ग फीट रु २ र खेतीयोग्य गाउंको जमिनको हकमा प्रति कट्ठा रु १० वहाल बेटौरी लागु गर्ने

## अनुसूची १०
## दफा ११ सँग सम्बन्धित
## नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम
## पार्किङ्ग शुल्कको दर :

१. बसपार्कमा सवारी साधन पार्किंग शुल्क रु.३०।-

## अनुसूची ११
## दफा १२ सँग सम्बन्धित
## नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम
## ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग बन्जी जम्पिङ्ग , जिपफ्लायर शुल्क, ऱ्याफ्टींग शुल्कको दर :

हाल सम्भावना नभएको

## अनुसूची १२
## दफा १३ सँग सम्बन्धित
## नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम

**सेवा शुल्क, दस्तुरको दर :**

| ववरण | आ.व.२०७४/७५ को स्वीकृत दर | आ.व.२०७५/७६ को प्रस्तावित दर | कैफीयत |
|---|---|---|---|
| १.नाता प्रमाणित | | | |
| अ) अंग्रेजीमा | १५० | २५० | |
| आ) नेपालीमा | १५० | १५० | |
| २.नागरिकता तथा नागरिकताको प्रतिलपी सिफारिस | १५० | १५० | |
| ३.बहाल करको लेखाजोखा सिफारिस | १५० | १५० | |
| ४. मोही लगत कट्टाको सिफारिस | १५० | १५० | |
| ५.घर जग्गा करको लेखाजोखा सिफारिस | १५० | १५० | |
| ६.जन्म मिति प्रमाणित | १५० | १५० | |
| ७.व्यवसाय बन्द, संचालन नभएको वा व्यवसाय नभएको | १५० | १५० | |
| ८.विवाह प्रमाणित तथा अविवाहति प्रमाणित | १५० | १५० | |
| ९.अंग्रजी माध्यमको सिफारिस | १५० | २५० | |
| १०.घर पाताल प्रमाणित | १५० | १५० | |
| ११.व्यक्तिगत विवरण प्रमाणित | १५० | १५० | |
| **१२. पुर्जामा घर कायम** | | | |
| क) पक्की घर | १५० | ३०० | |
| ख) कच्ची घर | १५० | २०० | |
| १३) व्यक्तिगत घटना दर्ता (३५ दिन सम्म निशुल्क) ७० दिन भित्र रु.८।- र सो भन्दा पछि न.पा.ले कायम गरेको दर | ५० | ५० | |
| १४. फरक फरक नामथर, जन्म मिति प्रमाणित/सिफारिस | १५० | १५० | |
| १५.नामथर, जन्म मिति संशोधन सिफारिस | १५० | १५० | |
| १६.जगगा धनि पूर्जा हराएको | १५० | १५० | |
| १७.कागज र मन्जुरीनामा प्रमाणित | १५० | १५० | |
| १८. कित्ताकाट गर्न सिफारिस | १५० | ५०० | |
| १९.संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस | १५० | १५० | |
| २०.हकवाला र हकदार प्रमाणित | १५० | १५० | |

| | | | |
|---|---|---|---|
| २१.नामसारी गर्न सिफारिस | १५० देखी प्रतीकट्ठा रु १० | २५० देखी प्रतीकट्ठा रु १० | |
| २२. जग्गाको हक सम्बन्धी सिफारिस | १५० | १५० | |
| २३. उद्योग ठाउँसारी | १५० | ५०० | |
| २४ उद्योग/ मदिराको सर्जिमिन | ५०० | ५०० | |
| २५.सामान्य सर्जिमिन | ५०० | ५०० | |
| २६.जीवित रहेको सिफारिस | १५० | १५० | |
| **२७.निजी विद्यालय खोल्न सिफारिस र अनुमति** | | | |
| अ) आधारभुत तहको विद्यालय | | ३००० | |
| आ) माध्यमिक तहको विद्यालय | | ६००० | |
| **२८. निजी विद्यालय संचालन थप कक्षा सिफारिस** | | | |
| अ) आधारभुत तहको | १००० | २००० | |
| आ) माध्यमिक तहको | १००० | ३००० | |
| २९घर.जग्गा मूल्यांकन सिफारिस प्रमाणित | मूल्य अंकको ०.०१५ प्रतिशत देखी ०.०३ प्रतिशत | मूल्य अंकको ०.०१५ प्रतिशत देखी ०.०३ प्रतिशत | |
| ३०.पालन पोषणको सिफारिस | १५० | १५० | |
| ३१. आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | १५० | १५० | |
| ३२. आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | १५० | १५० | |
| ३३.निजी विद्यालय ठाउँसारी सिफारिस | | | |
| ३४. धारा जडान तथा विद्युत जडानको सिफारिस | १५० | १५० | |
| ३५.संगोल प्रमाणित | १५० | १५० | |
| ३६.अ) संस्था दर्ताको सिफारिस | ५०० | वित्तिय संथा रु ५०००,अन्य संस्था रु २५००,र कृषि समूह आदी रु ५०० | |
| आ) संस्था नविकरणको सिफारिस | | २५० देखी कारोवारका आधारमारु ५ देखी १०लाख सम्म रु ५००,१० देखी २० लाख सम्म ७५०,२० देखी ५० लाख सम्म १५०० र सो भन्दा माथी रु २५०० | |
| ३७. वन पैदावर सम्बन्धी सिफारिस | | २५० | |
| ३८. नेटवर्किंगको टावर जडानको सिफारिस | | १००० | |
| ३९.क) तमसुकमा रोहवरमा बसेवापत (प्रतिहजार) | | ०।१० | |
| ख)लेनदेन कागज प्रमाणित(प्रतिहजार) | | ०।१० | |
| ४०. ना.प्र.नं. र फोटो टाँस सिफारिस | १५० | १५० | |
| ४१. उद्योग दर्ता सिफारिस | ५०० | ५०० | |
| ४२. साधारण सिफारिस दस्तुर | १५० | १५० | |
| ४३. चरित्र सिफारिस दस्तुर | | २५० | |
| ४४. बैदेशिक सिफारिस दस्तुर भारतको लागि | | २०० | |
| **४५. मोठ कायम सिफारिस** | | | |
| अ) कच्ची घर | | १५० | |
| आ पक्की घर | | ३५० | |
| ४६.दा.खा.नामसारी/श्रेष्ता कार्यान्वयन/ तीन पुस्ते सिफारिस | | | |
| दा.खा.नामसारी/श्रेष्ता कार्यान्वयन सिफारिस | १५० देखी प्रति कट्ठा रु १० | १५० देखी प्रति कट्ठा रु १० | |
| दा.खा.नामसारी/श्रेष्ता कार्यान्वयन सर्जमिन | ५०० | ५०० | |
| ४७. मिलापत्र गराउँदा लाग्ने दस्तुर | | | |
| ४८. प्रतिलिपी दस्तुर | | १५० | |
| ४९.ओ.जि.टी.सेवा शुल्क प्रति विद्यार्थी | | | |
| ५०. रकम असुल उपर गर्नुपर्ने भए | | रकमको ०.५ प्र. | |
| ५१. ईलेक्ट्रीक अटो रिक्सा सिफारिस | | ५०० | |
| ५२. जग्गा प्लानिगं तथा प्लटीगं सिफारिस | | २५०० | |

| | | | |
|---|---|---|---|
| ५३. सम्बन्ध विच्छेद | ५० | २५० | |
| ५४. वार्षिक आय प्रमाणित/अचल सम्पत्ति मूल्यांकन सेवा शुल्क | मूल्य अंकको ०.०१५ प्रतिशत देखी ०.०३ प्रतिशत | मूल्य अंकको ०.०१५ प्रतिशत देखी ०.०३ प्रतिशत | |
| ५५. **चौहदी प्रमाणित** : | | | |
| अ) घडेरी(प्रति कित्ता थप रु ५०।-) | | १५० | |
| आ) कृषि क्षेत्र(प्रति कित्ता थप रु ५०।-) | | | |
| **५६.घरबाटो प्रमाणित दस्तुर** | ३०० | ३०० | |
| अ) प्रति कित्ता ( थप प्रति कित्ता रु. १५०/-)<br>नोटः अंशवण्डा प्रयोजनका लागि उल्लेखित दस्तुरमा २५ प्रतिशत कम दस्तुर लिने । | | | |
| ५७. **पेन्सन सिफारिस** | | | |
| अ) नेपाली | १५० | १५० | |
| आ) भारत | १५० | २०० | |
| इ) अन्य मुलुक | १५० | ३०० | |
| ५८. स्थायी बसोबास सिफारिस | १५० | १५० | |
| ५९. आन्तरिक बसाईसराई सिफारिस | १५० | १५० | |
| | | | |

-मल्टी मिडिया प्रतिदिन रु. ६००।- लाग्नेछ ।
-अमिन सेवा शुल्क रु. ३००।- लिने र २५ प्रतिशत अमिनलाई दिने ।

**२.घर नक्सा सम्बन्धी शुल्क तथा दस्तुरः**

क) घर नक्सा पास प्रति फाराम रु. ५००।-
ख) घर नक्साको सम्पन्न प्रमाण पत्र रु. ४००।-
ग) घर नक्सा नामसारी : अ) व्यापारिक रु. ७५०।- आ) आवासिय रु. ५००।-
घ) प्रथम चरण निर्माण इजाजत पत्र रु २००।-
ङ) दोश्रो चरण निर्माण इजाजत पत्र रु २००।-

**३.घर नक्सा पास सम्बन्धी दस्तुरको दर :**

| **सि. नं.** | **तल्ला** | **आवासिय भवन** | | **व्यापारिक भवन/संस्थागत भवन** | | **कैफीयत** |
|---|---|---|---|---|---|---|
| | | **आर.सी.सी. फ्रेम स्ट्रक्चर** | **लोड बेयरिगं वाल स्ट्रक्चर** | **आर.सी.सी. फ्रेम स्ट्रक्चर** | **लोड बेयरिगं वाल स्ट्रक्चर** | |
| १ | भुई तल्ला | रु. ५।०० प्रति वर्ग फीट | रु.४।०० प्रति वर्ग फीट | रु. ६।०० प्रति वर्ग फीट | रु. ५।०० प्रति वर्ग फीट | |
| २ | पहिलो तल्ला | रु. ५।०० प्रति वर्ग फीट | रु.४।०० प्रति वर्ग फीट | रु. ६।०० प्रति वर्ग फीट | रु. ५।०० प्रति वर्ग फीट | |
| ३ | दोस्रो तल्ला | रु. ५।०० प्रति वर्ग फीट | रु.४।०० प्रति वर्ग फीट | रु. ६।०० प्रति वर्ग फीट | रु. ५।०० प्रति वर्ग फीट | |
| ४ | तेस्रो तल्ला | रु. ५।०० प्रति वर्ग फीट | रु. ४।०० प्रति वर्ग फीट | रु. ६।०० प्रति वर्ग फीट | रु. ५।०० प्रति वर्ग फीट | |
| ५ | सो भन्दा माथिको | रु. ५।०० प्रति वर्ग फीट | – | रु. ६।०० प्रति वर्ग फीट | – | |
| ६ | भित्र काँचो बाहिर पाको ईटामा माटोका जोडाई भएको वा काठै काठबाट बनेको र जस्ता भिंगटी, टायल, एसवेस्टसको छाना भएको एक तल्ला सम्मका घरहरुको नक्सा पास दस्तुर रु.२।०० प्रति वर्ग फीट | | | | | |
| ७ | कम्पाउण्ड वालको नक्सा पास दस्तुर रु.२।०० प्रति वर्ग फुट | | | | | |
| ८ | टिनको छाना घर, कुखुरा पालन घर र ट्रसले बनेको घरको नक्सा पास दस्तुर प्रति वर्गफिट रु.२।- | | | | | |
| ९ | | | | | | |

**(महिला र तेश्रो लिंगीको हकमा नक्सा पास दस्तुरमा १० प्रतिशत छुट दिईनेछ ।)**

**४.गाउँपालिका क्षेत्रभित्र चौपाया जनावरहरु अनियन्त्रित रुपमा छाडा छाडिदिदा व्यक्तिहरुको हानी नोक्सानी हुने गरेको हुँदा निम्नानुसारको कान्जी हाउस शुल्क :**

| चौपाया | शेवा शुल्क रु. | थप प्रत्येक दिनको शुल्क रु. | कैफीयत |
|---|---|---|---|
| राँगा, भैंसी | १००।- | ५०।- | |

| | | | |
|---|---|---|---|
| गाई, गोरु | ७५।- | ५०।- | |
| घोडा, खच्चर | १५०।- | ५०।- | |
| बाछा, बाछी | ५०।- | ५०।- | |
| बाखा, खसी, भेडा | ५०।- | ३०।- | |
| सुंगुर, बंगुर | २५०।- | १००।- | |

**सात दिन सम्म पनि सम्बन्धित पशु धनिले आफ्नो पशु लिन नआएमा लिलाम गर्ने तर्फ कारवाही बढाउने ।**

**-** गा.पा.क्षेत्रमा सार्वजनिक स्थानमा कुनै कसैले निर्माण सामाग्री थुपार्न स्वीकृति लिन आएमा प्रति हप्ता वर्ग फीट रु.४/- का दरले दस्तुर लिई राख्न स्वीकृति दिन सकिने छ तर कुनै कसेले विना अनुमति निर्माण सामाग्री सडकमा थुपारेको फेला परेमा न.पा.ले उक्त सामान उठाई सोझै जफत गर्न सकिने छ ।

**(नोट : निर्माण इजाजत पत्र लिई घर बनाउदा यो नियमले असर गर्ने छैन ।**

**८.फोहरमैला व्यवस्थापन शुल्क :**

| **क्र.सं.** | **शिर्षक** | आ.व.२०७५/७६ का लागि स्वीकृत मासिक फोहर मैला शुल्क दर | **कैयिफत** |
|---|---|---|---|
| १. | अस्पताल(जन स्वास्थ्यलाई हानीकारक नहुने भनि प्रमाणित भएका मेडीकल जन्य फोहर मात्र उठाउन सकिने) | रु.१,०००।- | |
| **२.** | **होटल** | | |
| क) | ठूला होटल | रु.१,०००।- | |
| ख) | मझौला होटल | रु.५००।- | |
| ग) | साना होटल रेष्टुरेण्ट | रु.३००।- | |
| घ) | चिया पसल | रु.५०।- | |
| ३. | मेडिकल पसल (जन स्वास्थ्यलाई हानीकारक नहुने भनि प्रमाणित भएका मेडीकल जन्य फोहर मात्र उठाउन सकिने) | रु.३००।- | |
| ४. | क्लिनिक सहितको मेडिकल(जन स्वास्थ्यलाई हानीकारक नहुने भनि प्रमाणित भएका मेडीकल जन्य फोहर मात्र उठाउन सकिने) | रु.५००।- | |
| ५. | सरकारी गैरसरकारी संस्था | रु.२००।- | |
| ६. | क्याम्पस | रु.३००।- | |
| ७. | उच्च मा.वि./मा.वि./नि.मा.वि. | रु.२००।- | |
| ८. | प्रा.वि. | रु.१००।- | |
| ९. | जुत्ता तयारी पसल | रु.२००।- | |
| १०. | जुत्ता पसल/पोशाक सम्बन्धि | रु.१५०।- | |
| ११. | राईस मिल, आरामिल | रु.५००।- | |
| १२. | साना उद्योग | रु.२००।- | |
| १३. | सरिया सिमेन्ट/हार्डवेयर | रु.२००।- | |
| १४. | फलफूल पसल | रु.१००।- | |
| १५. | थान कपडा र रेडिमेट पसल (प्रति सटर कवल) | रु.२००।- | |
| १६. | किराना पसल (प्रति सटर कवल) | रु.३००।- | |
| १७. | तरकारी पसल | रु.१५०।- | |
| १८. | फर्निचर पसल | रु.२५०।- | |
| १९. | सिसा पसल | रु.२००।- | |
| २०. | ईलेक्ट्रोनिक पसल | रु.२००।- | |
| २१. | आवासिय घर ३ तला भन्दा माथि | रु.१५०।- | |
| २२. | आवासिय घर ३ तला भन्दा कम | रु.१००।- | |
| २३. | साना छाप्रो घर | रु.५०।- | |
| २४. | सटर कवल घर | रु.२५०।- | |
| २५. | कपाल काट्ने पसल | रु.२५०।- | |
| २६. | ब्युटी पार्लर | रु.१५०।- | |

| | | | |
|---|---|---|---|
| २७. | साना उद्योग | रु.२००।- | |
| २८. | आवसिय बोडिंग स्कुल | रु.३००।- | |
| २९. | मिठाई पसल | रु.२००।- | |
| ३० | पेय पदार्थ पसल | रु.२००।- | |
| ३१. | बैंकिंग कार्यालय | रु.३००।- | |
| ३२. | गल्ला व्यवसाय | रु.३००।- | |

**९. सवारी साधन प्रवेश करको दरः :**

| क्र.स. | शिर्षक | करको दर | कैफियत |
|---|---|---|---|
| १ | लोहा वाहेक अन्य माल सामान प्रति क्विन्टल | १५।- | |
| २ | लोहाको सामान प्रति क्विन्टल | २०।- | |
| ३ | खाली गाडा प्रति ट्रीप | १५।- | |
| ४ | खाली डन्लप प्रति ट्रीप | ५०- | |
| ५ | भरी डन्लप आलु तरकारी प्रति ट्रीप | २००।- | |
| ६ | खाली ट्रकको प्रति ट्रीप | १५०।- | |
| ७ | भरी ट्रकको प्रति ट्रीप | ५००।- | |
| ८ | खाली ट्रयाक्टरको प्रति ट्रीप | ५०।- | |
| ९ | भरी ट्रयाक्टरको प्रति ट्रीप | २५०।- | |
| १० | खाली हैंरो सहित ट्रयाक्टरको प्ति ट्रीप | १२५।- | |
| ११ | व्यापारी सामान साईकलको प्रति ट्रीप | २५।- | |
| १२ | मोटरकार, जीप, भ्यान आदीको प्रति ट्रीप | १००।- | |
| १३ | व्यापारीक मोटरसाईकलको प्रति ट्रीप | २०।- | |
| १४ | मोविल मट्टीतेल प्रति ड्रमको | २०।- | |
| १५ | अन्य सामान प्रति डन्लपको | १५०।- | |
| १६ | प्रति सानो नाउको | ५०।- | |
| १७ | प्रति टूलो नाउको | १००।- | |
| १८ | प्रति खाली सानोा नउको | ३०।- | |
| १९ | प्रति भरी ठूलो नाउको | १५०।- | |
| २० | प्रति कट्टा सिमेन्टको | १०।- | |
| २१ | प्रति पीपा खालीको | १५।- | |
| २२ | प्रति पीपा घ्यूको | ५०।- | |
| २३ | प्रति कर्कटपाता सिमेन्ट/टायलको | १५।- | |
| २४ | प्रति बोरा गांठको | २०।- | |
| २५ | प्रति बोरा गांठको | ५०।- | |
| २६ | प्रति मुढबोझाको (व्यापारिक) | १५।- | |
| २७ | प्रति रिकसा भरीको | ३०।- | |
| २८ | प्रति भरी टांगा एक्काको | ५०।- | |

| | | | |
|---|---|---|---|
| २९ | प्रति क्विन्टल धान,चामल,लाही,मसुरो आदीको | २०।- | |
| ३० | प्रति खाने तेलको प्रति लीटर (व्यापारिक) | २।- | |
| ३१ | प्रति क्विन्टल मकै अन्य सामानको | २०।- | |
| ३२ | प्रति खाद्यमल कट्टाको | १५।- | |
| ३३ | फ्रीज टी.भी.लगायत इलेक्ट्रीक सामानको प्रतिथान | ५०।- | |
| ३४ | थ्रेसर | ५००।- | |
| ३५ | नया ट्रली | २००।- | |
| ३६ | ट्रीपर | ५००।- | |
| ३७ | अटो रिक्सा | ३०।- | |
| ३८ | जेसीवी मेसिन | ७५०।- | |
| ३९ | पावर ट्रीलर | ५०।- | |
| ४० | कम्पाइन मसिन (धान गहु काट्ने) | ७५०।- | |
| ४१ | माछा प्रति के.जी. | १।- | |
| ४२ | अण्डा प्रति पेटी | २५।- | |

**अनुसूची १३**
**दफा १४ सँग सम्बन्धित**
**नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम**
**पर्यटन शुल्क दर :**

हाल पहिचान नभएको ।